## श्री सर्लाही जिल्ला अदालतबाट सर्वसाधारणका लागि जारी भएको मोटरसाइकलहरु लिलाम बिक्रि गर्ने सम्बन्धी सूचना

**प्रकाशित मिति:-२०७३।१०।१८**

यस अदालतमा दायर भएका विभिन्न मुद्दाहरुमा दशीको रुपमा दाखिल हुन आई अदालतको अन्तिम फैसला बमोजिम जफत हुने ठहरिएका र विचाराधिन रहेका विभिन्न मुद्दाहरुमा यस अदालतको जिन्सिमा आम्दानी बाधिएका मोटरसाइकलहरु मध्ये तपसिलमा उल्लेखित मोटरसाइकलहरु जिल्ला अदालत नियमावली २०५२ को नियम ९० (क) र ९० (ख) बमोजिम लिलाम गर्नु पर्ने भई मिति २०७३।१०।२१ मा बसेको मूल्यांकन समितिको बैठकले तोकेको मूल्यमा उल्लेखित सम्पूर्ण मोटरसाइकलहरु मिति २०७३।११।३ मा. एकमुष्ठरुपमा लिलाम हुने भएकोले बढाबढ गरी लिलाम सकार गर्न चाहने सर्वसाधारण सबैको निमित्त यो सूचना प्रकाशित गरिएको छ । यसमा निम्न उल्लेखित शर्तहरु लागु हुनेछन् ।

### लिलाम विकी हुने मोटरसाईकलको विवरण

| क.सं. | मिति: | ल.नं. | | सामानको विवरण | मुल्य | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | २०६९।१।१३ | २० | | PB10V6033कालो हिरो होन्डा | १५०००।- | |
| २. | २०६९।३।२७ | २३ | | BR6N6825कालो हिरो होन्डा | २००००।- | |
| ३. | २०६९।२।७ | २८ | | BR30F3448कालो हिरो होन्डा | २००००।- | |
| ४. | २०६९।२।७ | ४५ | | TVS मो.सा. | ४५०००।- | |
| ५. | २०६९।१२।२१ | ५६ | | BR30B4684नं.को डिसकोभर | ३००००।- | |
| ६. | २०७०।२।१४ | ६१ | | AS0R6429न को मोटर सा. | ५००००।- | |
| ७ | २०७०।७।१ | ७३ | | BR30F277[illegible]नं.को मोटर सा | ३००००।- | |
| ८ | २०७०।९।१९ | ७९ | | BR30T3735नं.को डिसकोभर मोटर सा | ३००००।- | |
| ९ | २०७०।११।१ | ८४ | | on testYBRरातो रंगको मोटर सा | ५५०००।- | |
| १० | २०७०।१२।१९ | ८७ | | BR30A7839नं.को कालो हिरो होन्डा मोटर सा | २००००।- | |
| ११ | २०७१।१।१९ | ९३ | | BR30D5029नं.को हिरो होन्डा मोटर सा | ३००००।- | |
| १२ | २०७१।३।१३ | ९९ | | सम्पूर्ण पार्ट पुर्जा खोलीएको मोटर सा | २५००।- | स्केप |
| १३ | २०७१।४।२० | १०२ | | BR1E7260नं.को हिरो होन्डा मोटर सा | २००००।- | |
| १४ | २०७१।७।११ | १२६ | | BR5S3451नं.को मोटर सा | २५०००।- | |
| १५ | २०७१।७।११ | १२७ | | BR30E701[illegible] नं.को डिसकोभर | ३००००।- | |
| १६ | २०७२।८।१० | १७१ | | BR30J6397नं.को कालो प्लटिना मो.सा. | ३००००।- | |
| १७ | २०७२।९।१ | १७३ | | BP0T7847नं.को कालो हिरो होन्डा मो.सा. | ३००००।- | |
| १८ | २०७२।९।१ | १७४ | | BR6V8706नं.को पैसन प्रो.मो. | ३५०००।- | |
| १९ | २०७२।१२।२५ | १९६ | | BR30E6477नं.को.मो.सा | ५५०००।- | |
| २० | २०७३।२।७ | २०९ | | BR06AH7795नं.को मो.सा. | ४५०००।- | |
| २१ | - | १२६ | | BR553491नं.को मो.सा | २५०००।- | |

२०७३।१०।१८
तहसीलदार
शाखा अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| २२ | - | ९३ | BR30D5029नं.को हिरो होन्डा मो.सा | ३००००।- | |
| २३ | - | ७८ | ज.२ प. २०२७ नं. को पल्सर मो.सा. | ४००००।- | |
| २४ | - | ७४ | बा.२२ प. ३६५३ नं. को हिरो होन्डा मो.सा. | २००००।- | |

**शर्तहरु :-**

१) डाँक लिलाम मिति २०७३।११।३ मा हुने भएकोले यस अदालतको तहसिल शाखामा दिनको १०:०० बजे देखि कार्यालय समय सम्म डाँक लिलाममा बोलकबोल गर्न सकिनेछ।

२) मिति २०७३।१०।४ मा बसेको मूल्यांकन समितिको बैठकले तोकेको न्यूनतम मूल्यबाट डाँक बढाबढ गर्नु पर्नेछ । सम्पूर्ण मोटरसाइकलहरु एकमुस्ठ रुपमा नै बढाबढ हुनेछ र एकमुष्ठ रुपमा डाँक सकार गर्नेलाई प्राथमिकता दिइनेछ। लिलामी हुने मोटरसाइकलहरुको एकमुस्ठ मोल रु. ७,३२,५००।- रहेको छ।

३) डाँक लिलाम बढाबढ हुदा सबै भन्दा बढि रकम बोलकबोल गर्नेलाई डाँक लिलाम सकार गराइने छ।

४) लिलाम सकार गर्ने डाँक बोल्नु अघि नै न्यूनतम मूल्यको १०% ले हुने नगद धरौटी राख्नु पर्नेछ। डाँक अकं बढाउदै गएमा सोही अनुसार धरौटी थप गर्दै जानु पर्नेछ। लिलाम सकार गर्नेले बाँकी रकम लिलाम भएको मितिबाट ७ दिन भित्रमा दाखिला गर्नु पर्नेछ। ७ दिन भित्र रकम दाखिला नगरे डाँक लिलाम भएको दिन धरौटीमा दाखिला हुन आएको १०% रकम जफत हुनेछ साथै पुनः डाँक लिलामको सूचना प्रकाशन गरिनेछ।

५) उल्लेखित सवारी साधनहरु जे जुन अवस्थामा छन् सोही अवस्थामा लिलाम गरिनेछ। लिलाम हुने सवारी साधन हेर्न चाहेमा यस अदालतको तहसिल शाखामा सर्म्पक राखी हेर्न सकिनेछ।

६) लिलाम सकार गरेको १ महिना भित्र सकार गरेको मोटरसाइकलहरु उठाइ लैजानु पर्नेछ । बिग्रेका मोटरसाइकलहरुको मर्मत डाँक लिलाम सकार गर्नेले नै गर्नु पर्नेछ।

७) सवारी साधन आ-आफ्नो नाममा दर्ता गराउने दायित्व डाँक सकार गर्ने कै हुनेछ र दर्ता गराउदा नियमानुसार लाग्ने अन्य दस्तुर समेत डाँक लिलाम सकार गर्नेले नै बेहोर्नु पर्नेछ।

८) अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ।

९) यस सम्बन्धमा थप बुझ्नुपर्ने भए यस अदालतको तहसिल शाखामा सर्म्पक गर्नु होला।

१०) लिलामी सम्बन्धी सम्पूर्ण अधिकार यस अदालतमा निहित रहनेछ।